# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/१०/१५ गते शुक्रवार देखि २०६६/१०/२१ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा १०० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४६२७ कारोबारबाट १६ करोड ६१ लाख ४२ हजार रुपैयाँ बराबरका ३ लाख ३२ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ०.०७ प्रतिशतले वृद्धि आएको हो । गत साता ५१३७ कारोबारबाट १६ करोड ६० लाख २४ हजार रुपैयाँ बराबरका ३ लाख ५१ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ९ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५४.१८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १०.९४ अंकले ह्रास भई अन्तिम दिन ५०१.४० विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४९०.६२ | ४३४.६१ | ३६६.४९ | ५५२.२२ | ८०२.४१ | २६०.७८ | ५७५.४४ | ५०६.१२ | ५५८.२६ | ५१२.३४ | १२५.८१ | ४८.८१ |
| दोस्रो | ४८६.५४ | ४३४.६१ | ३६६.४९ | ५५५.७५ | ८०१.३५ | २६०.७८ | ५७५.२० | ५०२.४२ | ५५६.०७ | ५१०.१० | १२४.३४ | ४८.३६ |
| तेस्रो | ४८३.८४ | ४३४.६१ | ३६६.४९ | ५५२.२२ | ७९८.१७ | २६०.७८ | ५७२.८३ | ४९८.१५ | ५४९.५७ | ५०७.०२ | १२३.६० | ४८.०६ |
| चौथो | ४७९.६३ | ४३४.६१ | ३६६.४९ | ५४५.१८ | ७८८.०२ | २५६.०७ | ५७४.६८ | ४९७.६१ | ५४५.१७ | ५०२.७९ | १२२.६२ | ४७.६७ |
| पाचौं | ४७९.८५ | ४३७.४७ | ३६६.४९ | ५३४.६० | ८०२.४९ | २५६.०७ | ५७४.९७ | ४९६.८९ | ५४२.०९ | ५०१.४० | १२२.९२ | ४७.६८ |
| परिवर्तन | -१०.७७ | २.८६ | ०.०० | -१७.६२ | ०.०८ | -४.७१ | -०.४७ | -९.२३ | -१६.१७ | -१०.९४ | -२.८९ | -१.१३ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.८९ अंकले ह्रास भई १२२.९२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ४ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक तथा शेयर संख्या (६२ हजार कित्ता) र कारोवार संख्या (११४९ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३०.४३ |
| २ | भिबोर विकास वैंक | २२.३७ |
| ३ | बैंक अफ काठमाण्डू | १०.५६ |
| ४ | नबिल बैंक | ६.९० |
| ५ | सन्राइज बैंक | ५.४९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | महाकाली विकास बैंक | साधारण | २,००,००० कित्ता |
| २ | गुडविल फाइनान्स | वोनस | ५९,८५८ कित्ता |
| ३ | गुडविल फाइनान्स | हकप्रद | १७३२५०० कित्ता |
| ४ | एनआईसि बैंक | वोनस | १७१०७२० कित्ता |
| ५ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | वोनस | ३४५९८ कित्ता |
| ६ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स | वोनस | २,०१,६०० कित्ता |